STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन २५ गते सोमबार ❑ 9 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## अर्थतन्त्रलाई आश्रय दिने साझा संकल्प

**रासस**
**काठमाडौं, २४ साउन**

सरकारले कोरोना कहरका कारण समस्यामा परेका नागरिकको जीवनरक्षालाई पहिलो र प्रमुख प्राथमिकतामा राख्दै मुलुकको आर्थिक विकास र समृद्धिका लागि सम्भव भएसम्मका सबै उपाय अवलम्बन गर्ने भएको छ।

गठबन्धन सरकारको तर्फबाट आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रमुख शीर्ष नेताको उपस्थितिमा सार्वजनिक गरिएको गठबन्धन सरकारको साझा न्यूनतम कार्यक्रममा उत्पादनमुखी अर्थतन्त्रमा जोड, आपूर्ति व्यवस्थामा सुधार, महँगी नियन्त्रण तथा भ्रष्टाचारको छानबिन र कारवाहीका लागि अग्रसरता लिने उल्लेख छ । सामाजिक आर्थिक रुपान्तरणको आधार निर्माण गर्दै उच्च र समन्यायिक आर्थिक विकासमा जोड दिने साझा कार्यक्रममा समेटिएको छ।

कोरोना कहरका कारण सङ्कटग्रस्त उद्योग, पर्यटन, व्यवसाय, सञ्चार, यातायात पार्टी प्यालेस, व्यायामशाला, सिनेमा तथा मनोरञ्जन उद्योगलगायत क्षेत्रको उत्थान तथा कोभिड-१९ बाट प्रभावित श्रमजीवी, विपन्न, बेरोजगार आदिको राहतका लागि विशेष आर्थिक प्याकेजको व्यवस्था गर्ने विषयलाई प्रमुखताका साथ समेटिएको छ।

नेपाललाई विकसित मुलुकको स्तरमा पुऱ्याउन सरकारी, हसकारी र निजी क्षेत्रको समन्वयात्मक तथा क्रियाशिल भूमिकाका आधारमा विकास निर्माणलगायत समग्र आर्थिक कार्यक्रम सञ्चालन गर्ने विषयले साझा कार्यक्रमममा प्राथमिकता पाएको छ । आर्थिक क्षेत्रसँग सम्बन्धित विचाराधिन सबै विधेयक तीन महिनाभित्र पारित गरेर लगानीको वातावरण विस्तार गरिनेछ । जल, जमीन, जङ्गल, जडीबुटी र जनशक्ति जस्तो महत्वपूर्ण स्रोत साधनको उच्च्तम सदुपयोग गरी मुलुकलाई तीव्र आर्थिक विकासमो बाटोमा डोऱ्याउन पूर्वाधार तयार गर्ने र उत्पादनमूलक तथा उत्पादकत्व वृद्धि गर्दै समन्यायिक वितरणमा आधारित आर्थिक नीति अवलम्बन गरिनेछ। आर्थिक नीति तथा कार्यक्रम शीर्षकमा विभिन्न १९ बुँदा समेटिएका छन् । वित्तीय सङ्घीयताको मान्यताअनुसार स्रोत तथा साधनको बाँडफाँट गर्दै संविधानमा व्यवस्था भएको अधिकारको सूचीअनुसार सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहबाट मानव संशाधन र भौतिक पूर्वाधारको विकासको नीति लिने साझा कार्यक्रममा समावेश छ।

सरकारी तथा निजी क्षेत्रको सहकार्यका आधारमा लगानीमैत्री वातावरण बनाउने, स्वदेशी लगानीलाई प्रोत्साहन तथा विदेशी लगानीको आकर्षण गर्ने लक्ष्य राखेको सरकारले विकास सहायतालाई राष्ट्रिय प्राथमिकताको क्षेत्रमा प्रवाह गर्न आवश्यक आर्थिक ऐन, नियम संशोधन गरिने भएको छ।

मलको आपूर्ति सुनिश्चित गर्ने, उखु किसानको समस्या समाधान गर्ने, कृषि उपजको बजार मूल्य तोकि खरिदको सुनिश्चितता गर्ने, आधारभूत तथा दैनिक उपभोग्य कृषिजन्य उपजमा आत्मनिर्भर हुने गरी काम गर्ने विषयलाई संयुक्त कार्यक्रमले प्राथमिकतामा राखेको छ । कृषि बीमा गरी जोखिम न्यूनीकरण गरिने भएको छ। कोरोनाकाबाट प्रभावित पर्यटन क्षेत्रको पुनरुत्थानका लागि तत्काल राहतका प्याकेज ल्याउने, गुणस्तरीय

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एक वर्ष थपियो पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको समय

**पोखरापत्र संवाददाता**
**गण्डकी, २४ साउन**



पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्नका लागि एक वर्ष समय थप गरिएको छ।

राष्ट्रिय गौरवको योजनाअन्तर्गत विमानस्थल २०२१ जुलाई १० मा सम्पन्न गर्ने लक्ष्य राखिए पनि कोभिड-१९ का कारण समयमै निर्माण कार्य सम्पन्न गर्न समस्या भएपछि २०२२ को जुलाई १० सम्म समय थप गरिएको आयोजना प्रमुख विनेश मुनाकर्मीले जानकारी दिए।

उनले भने, 'हामीले समयमै सम्पन्नका लागि द्रूत गतिमा काम गरेका छौँ तर कोभिड-१९ को कारण बाहिरबाट ल्याउनुपर्ने जनशक्ति र केही इक्युमेन्टको कारणले समय धकेलिन पुग्यो ।' उनले विमानस्थल सञ्चालनका लागि विमानस्थल पूर्वमा रहेको अग्लो डाँडा र ल्याण्डफिल साइड हटाउने कार्य पनि समस्याको रुपमा रहेको र यसबारेमा पनि कार्य अघि बढेको जानकारी दिए।

उनका अनुसार विमानस्थल निर्माणका लागि ७०० जति जनशक्ति रहेकामा अहिले पनि ४०० को हाराहारीले काम गरिरहेकाका छन्। चीनको सिएएमसी इञ्जिनीयरिङ कम्पनीले निर्माण कार्यको जिम्मा पाएको सो विमानस्थल कूल २२ अर्ब चिनियाँ ऋण सहयोगमा सन् २०१७ को नोभेम्बर महिनादेखि शुरू भएको र सन् २०२१ जुलाई १० सम्म सक्ने गरी सम्झौता भएको थियो। आयोजनका इञ्जिनीयर मिनराज ओझाका अनुसार हालसम्म विमानस्थलको ८२ प्रतिशत काम सकिएको छ । फिनिसिङ, लाइट हाल्ने, इलेक्ट्रिफिकेसन, इक्युवमेन्ट जडान, पाइपलाइन विच्छ्याउने तथा भित्री सडकका काम भइरहेका छन् । उहाँले हालसम्म रन वे, ट्याक्सी पार्किङ, टर्मिनल भवन, एप्रोन, टावर, नाला निर्माण, ह्याङ्गरसँगै रनवे लाइट, ट्याक्सी लाइट, एप्रोज लाइटलगायत १४ वटा संरचनाको फिनिसिङ कार्य भइरहेको जानकारी दिए। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवन १४ हजार ६०० स्क्वायर मिटरमा बन्नेछ। आठ हजार ६०० स्क्वायर मिटर अन्तर्राष्ट्रिय उडानका लागि र छ हजार स्क्वायर मिटर आन्तरिक उडानका लागि गरी १४ हजार ६०० स्क्वायर मिटरको टर्मिनल भवन निर्माण हुन लागेको हो।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि विसं २०३२ देखि अधिग्रहण गर्ने कार्य शुरु भएको र जम्मा तीन हजार १०६ रोपनी जग्गाको मुआब्जा दिई अधिग्रहण गरिएको थियो । त्यससँग आउटर पेरीफेरी रोड, ग्लाइड पथ, एप्रोज लाइट, मिटरोलोजिकल र्‍याडर, घर स्टेशनको लागि जग्गा र घरटहरा अधिग्रहण कार्य भएको छ । विमास्थलले जम्मा तीन हजार ७९९ रोपनी क्षेत्रफलमा रहेको छ।

## जनताका पीरमर्का बुझेर काम गर्छु: मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ साउन**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले भ्यालवास - डेढगाउँ सडकलाई प्राथमिकतामा राखेको बताएका छन् । दक्षिणको नाका त्रिवेणी र उत्तरको नाका कोरला जोड्ने यो सडक प्रदेशकै लाइफलाइन भएकाले प्राथमिकतामा राखेर काम भइरहेको बताएका हुन्।

गृहजिल्ला नवलपुर भ्रमणमा रहेका उनले शनिबार भएका कार्यक्रममा सहभागिता जनाउँदै पर्यटन र कृषि नै प्रदेश समृद्धिको आधार रहेको बताए । अहिले नवलपुरको पहाडी क्षेत्र बाढीपहिरो र तराई भेग भेलबाढी र नारायणीको कटानको चपेटामा परेको भन्दै मुख्यमन्त्री पोखरेलले तत्काल रोकथाम र राहतका कार्यक्रम सञ्चालन भइरहेको र दीर्घकालीन रोकथामका लागि समेत अध्ययन भइरहेको जानकारी गराए। नारायणी नदीको कटान रोकेर किनारामा पर्यटकीय आकर्षणका केन्द्र बनाउन सकिने भएकाले यसका लागि निजी क्षेत्रले चासो दिनुपर्ने भनाइ राखे।

शनिबार बिहान उनले गैंडाकोट नगरपालिका वडा नम्बर १, धारापानी स्थित नवदुर्गा आधारभूत विद्यालयको भवन उदघाटन गरे। गत वर्ष पूर्वाधार विकास कार्यक्रमको २५ लाख रुपैयाँ लागतमा उक्त भवन बनेको हो। भवन निर्माण समिति अध्यक्ष पूर्णप्रसाद गौंडेलले प्रमुख प्रतिपक्षी दलको नेता भएका बेलामा नै पोखरेलले विकास निर्माणका लागि चासो दिएर योजना पारेको स्मरण गर्दै मुख्यमन्त्रीभएसँग निर्वाचन क्षेत्रका मतदाताको आशा बढेर गएको बताए । मुख्यमन्त्री पोखरेलले गैंडाकोट नगरपालिका ११, मुकुन्दपुरस्थित कभर्डहल अवलोकन गरेका छन् । युवाहरुलाई खेलकुदमा आकर्षित गर्दै अनुशासित समाज निर्माणका लागि खेलकुद जरुरी रहेको भन्दै क्षमताका आधारमा प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाए। गैंडाकोट १३ मा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा नेपाली कांग्रेसका महामन्त्री सशांक कोइरालासँगै मुख्यमन्त्री पोखरेल सहभागी भए। उक्त अवसरमा विभिन्न पार्टी परित्याग गरी नेपाली कांग्रेस प्रवेश गरेका ४० जनालाई दुवैजनाले फूलमालाले स्वागत गरे । स्थानीय खुसीराम भण्डारी,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मन्त्री शर्मा निरीक्षणमा

**पोखरापत्र संवाददाता**
**गण्डकी, २४ साउन**

गण्डकी प्रदेश सरकार पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्माले आइतबार पर्यटन कार्यालय पोखराको निरीक्षण गर्नुभएको छ।

उहाँले कार्यालयका योजना, कार्यक्रम, बजेट, उपलब्धि र कार्यालयको अवस्था बारे जानकारी लिनुभएको थियो । निरीक्षणका लागि पुग्नु भएका मन्त्री शर्मालाई कार्यालय प्रमुख पुरन गिरी लगायतका कर्मचारीहरुले स्वागत गर्नुभएको थियो। निरीक्षणपछि मन्त्री शर्माले ठूला व्यवसाय दर्ता र नवीकरणका लागि विभागमा जानुपर्ने अवस्था अन्त्यका लागि पहल गर्ने बताउनुभयो। उहाँले प्रदेश पर्यटन नीति र ऐन निर्माणपछि पर्यटन क्षेत्र सकारात्मक वातावरण बन्ने उल्लेख गर्नुभयो । उहाँले होम स्टे सेवालाई गाउँ र स्थानीयको आर्थिक विकासको आधार बनाउनुपर्ने भन्दै स्थानीय उत्पादनलाई अनिवार्य गर्न आवश्यक रहेको औंल्याउनुभयो। मन्त्री शर्माले होम स्टे सेवा सम्वन्धी कार्यविधिलाई आवश्यक सुधार गरी थप व्यवस्थित र प्रभावकारी बनाइने जानकारी दिनुभयो।

मन्त्री बनेपछि उहाँले पहिलो पटक पोखरामा आफ्नो मन्त्रालय मातहतको कार्यालय निरीक्षण गर्नुभएको हो।

## पोखरामा भेटेरिनरी अस्पताल भवनको शिलान्यास

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ साउन**



गण्डकी प्रदेशको राजधानी शहर पोखरामा पशुपन्क्षीको उपचारका लागि मोडेल(नमूना) भेटेरिनरी अस्पताल निर्माण गरिने भएको छ।

पोखरा महानगरपालिका-१२ स्थित हालको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको परिसरमा निर्माण गरिने अस्पताल भवनको आज गण्डकी प्रदेशका भूमि व्यवस्था कृषि, सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर बुढाले शिलान्यास गर्नुभयो । पशु उपचार तथा कृषकलाई सहज भेटेरिनरी सेवा उपलव्ध गराउने उद्धेश्यले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीको गत आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार अस्पताल निर्माण कार्य अघि बढाइएको हो।

सुविधासम्पन्न साढे दुई तलाको मोडेल अस्पताल भवन रु पाँच करोड ५४ लाख ४७ हजार २६४ लागतमा आगामी विसं २०८० साउन १० गतेभित्रमा निर्माण सम्पन्न गर्ने गरी गत साउन ११ गते सिद्धबाबा/फुल्जोर जेभि स्याङ्जासँग ठेक्का सम्झौता गरिएको वरिष्ठ पशु विकास अधिकृत एवं कार्यालयका प्रमुख डा शोभा शर्माले बताउनुभयो । उहाँका अनुसार सुविधासम्पन्न अस्पताल भवनमा प्रयोगशाला, अपरेशन कक्ष, फार्मेसी, रेडियोलोजिकल ल्याबको सुविधा रहने । यसैगरी पशुपन्क्षी, माछा, घरपालुवा जनावरको उपचारका लागि समेत छुट्टाछुट्टै कक्ष रहने बताइन्छ।

कार्यक्रममा मन्त्री बुढाले भेटेरिनरी अस्पतालका लागि भवन निर्माण शुरुआत हुनु प्रदेशका लागि ऐतिहासिक र दीर्घकालिन महत्वको कार्य भएको बताउनुभयो। पशुपन्क्षीको उपचारका लागि निर्माण हुने अस्पताल पशुपन्क्षीसँग मात्र सम्वन्धित नरहेको बताउँदै उहाँले भन्नुभयो,“भवन निर्माणपछि अस्पतालमा उपलब्ध हुने सेवा वातावरणीय र मानविय स्वास्थ्यसँग समेत जोडिएको छ । तोकिएको मितिमै सम्पन्न भएर सेवा प्रवाहमा सहज हुने विश्वास सरकारले लिएको छ ।” कोभिड-१९ का कारण कृषि क्षेत्रमा सरकारले लिएका लक्ष्य तथा उद्धेश्यहरु हासिल गर्न कठिनाई भएको बताउँदै मन्त्री बुढाले चूनौतीको सबै मिलेर सामना गर्नुपर्ने कृषकलाई छिटो छरितो सेवा प्रवाह गरी उत्पादन बृद्धितर्फ मातहतका कार्यालयहरुले काम गर्नुपर्नेमा जोड दिनुभयो।

पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक डा मनबहादुर पुनले मोडल अस्पताल लाइभस्टकका क्षेत्रमा कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्दै पशुपन्क्षीको राम्रो उपचार र स्वास्थ्यबाट मानवको समेत स्वास्थ्य राम्रो हुने उल्लेख गर्नुभयो। विश्व स्वास्थ्य संगठनले मानवमा लाग्ने ७० प्रतिशत रोगहरु पशुपन्क्षीबाट सर्ने गरेको तथ्याङ्क सार्वजनिक गरेको भन्दै उहाँले मोडल अस्पतालले रोग नियन्त्रण गर्ने र स्वस्थ पशु उत्पादनमा सघाउ पुग्ने बताउनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# श्रम तथा उपभोक्ता हित समितिसँग पोउवा संघको गुनासो

पोखरापत्र संवाददाता
गण्डकी, २४ साउन

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष दामु अधिकारीले स्वदेशी उत्पादनलाई प्रतिष्पर्धी बनाउन कच्चा पदार्थमा लगाइएको अत्यधिक भन्सार शुल्क घटाउनुपर्नेमा जोड दिएका छन् ।

'सरकारले स्वदेशमै उत्पादन हुने र यहाँको माग धानिरहेका चाउचाउ, बिस्कुटलगायतका बस्तुहरुको कच्चा पदार्थमा लगाउने भन्सार शुल्क उच्च रहेको छ',उनले भने, 'सरकारले तयारी बस्तु र कच्चा पदार्थ आयात गर्दा लिइने शुल्क फरक गर्नुपर्छ ।' महासंघका केन्द्रीय सदस्य अधिकारी प्रतिनिधि सभाअन्तर्गतको उद्योग तथा वाणिज्य,श्रम तथा उपभोक्ता हित समितिको प्रतिनिधिमण्डलसँग आइतबार पोखरामा भएको अन्तरक्रियामा बोल्दै थिए ।

मूल्यवृद्धि नियन्त्रण गर्न भन्सार बिन्दुदेखि आयात हुने ठाउँमै अनुगमन गनुपर्नेमा जोड दिँदै उनले अनुगमनको नाउँमा व्यवसायीलाई दुःख दिने काम रोक्नुपर्ने बताए । कोभिड-१९ ले सिर्जना गरेको विषमताले उद्योग र वाणिज्य क्षेत्र धराशायी भएको बताउँदै राहतका कार्यक्रम र खोपको सुनिश्चितता नभए अवस्था अझै विकराल हुने उनको भनाइ थियो । उनले सरकारले बजेटमार्फत् घोषणा गरेका राहतका कार्यक्रम प्रभावकारी



हुन नसकेको तथा मौद्रिक नीति ढिला हुँदा झन अन्यौल बढेको जिकिर गरे । कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष पवनकुमार प्रजापतिले पोखरा उद्योग वाणिज्य संघले व्यवसायीको हितको अलावा सामाजिक उत्तरदायित्व निर्वाह गरेको उल्लेख गर्दै यस्ता संस्थाहरुलाई राज्यले सँगै लिएर हिँडाउनुपर्नेमा जोड दिए । कोभिड १९ का कारण सिर्जित विषमताले व्यवसाय उठ्नै नसक्ने अवस्थामा पुगेकाले तत्काल खोपको प्रबन्ध गर्नुपर्ने उनको माग थियो । कार्यवाहक अध्यक्ष प्रजापतिले व्यवसायीले कर्जा लिँदा व्यहोर्नुपरेको झमेला सरलीकृत हुनुपर्नेमा पनि जोड दिए । कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका उद्योग उपाध्यक्ष कोभिड कालमा सीमित कर्मचारी राखेर उद्योग चलाउँदा लागत बढेको र उत्पादनले प्रतिष्पर्धी क्षमता गुमाएको गुनासो गरे । देश प्रादेशिक संरचनामा गएपनि कम्पनी रजिष्टार, खाद्य तथा गुण नियन्त्रकजस्ता कार्यालय प्रदेशमा नखोलिनु दुखद भएको उनको भनाइ थियो । फरक प्रसंगमा उनले सामाजिक सुरक्षा कोषले आफूलाई विश्वसनीय बनाउन नसक्दा मजदुरहरुले पनि सो कोषमा जान आनाकानी गरेको जिकिर गरे ।

पोखरा उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान विजुक्छेको संचालन रहेको सो अन्तरक्रिया कार्यक्रममा संघका वाणिज्यतर्फका उपाध्यक्ष अर्जुन पोखरेल तथा कोषाध्यक्ष बलराम आचार्यको पनि उपस्थिति रहेको थियो । अन्तरक्रियामा उठेका विषयबस्तुबारे आफ्नो धारणा राख्दै प्रतिनिधि सभाअन्तर्गतको उद्योग तथा वीणज्य,श्रम तथा उपभोक्ता हित समितिका सभापति विमलप्रसाद श्रीवास्तवले आउँदो केही महिनामै सबै प्रदेशमा खाद्यबस्तुको गुणस्तर मापन गर्ने प्रयोगशाला स्थापना हुने बताएका छन् ।

निजी क्षेत्रको समस्या तथा बजारको अवस्थाबारे बुझ्ने क्रममा पोखरा आएका उनले पोखरा उद्योग वाणिज्य संघका पदाधिकारीहरुसँगको अन्तरक्रियामा सो जानकारी गराएका हुन् । 'प्रयोगशाला बन्ने पक्कापक्की भएको छ',उनले भने,' वैदेशिक रोजगारीमा जानेहरुको लागि तालीम दिने व्यवस्था पनि प्रदेशमै गरिँदैछ ।' तालीम केन्द्र स्थापनाको लागि कतार र साउदी अरबले सहयोगको आश्वासन दिएको उनको भनाइ थियो ।

सभापति श्रीवास्तवले निजी क्षेत्रको संरक्षण र सहयोगविना विकास असम्भव रहेको बताउँदै निजी क्षेत्रले उपभोक्तालाई केन्द्रमा राखेर व्यवसाय गर्नुपर्नेमा पनि जोड दिए । आत्मनिर्भर भएका क्षेत्रलाई संरक्षण गर्नुपर्ने राज्यको दायित्व भएको बताउँदै उनले कृषिलगायतका क्षेत्रमा वैदेशिक लगानी रोक्नुपर्ने तर्क गरे । अन्तरक्रियामा सहभागी उद्योग तथा वीणज्य,श्रम तथा उपभोक्ता हित समितिका सदस्य तथा सभासद रामेश्वर राय यादवले निजी क्षेत्रका समस्याहरु सुल्झाउन समितिले सरोकारवाला मन्त्रालयलाई निर्देशन दिने बताए ।

समितिकी सदस्य तथा सभासद सुजाता परियारले साना व्यवसायी एवं मजदुरहरुको संरक्षणमा राज्यले विशेष ध्यान दिनुपर्नेमा जोड दिइन् । उनले उद्योगी व्यवसायीहरुको लागि खोप उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गर्ने बताइन् । अर्की सदस्य तथा सभासद सरितादेवी गिरीले खोपको सुनिश्चिततासँगै व्यवसायीहरुको प्रतिष्पर्धी क्षमता बढाउन सरकारको ध्यानाकर्षण गराउने प्रतिवद्धता व्यक्त गरिन् ।

# राष्ट्रिय झण्डासहितको स्तम्भ बेगनासको आकर्षण

पोखरापत्र संवाददाता
गण्डकी, २४ साउन

पर्यटकीय नगर पोखरास्थित बेगनासतालको बाँध छेउमा निर्मित राष्ट्रिय झण्डासहितको स्तम्भमा आन्तरिक पर्यटकको आकर्षण बढेको छ ।

रोटरी क्लब अफ लेखनाथको करिब ६ लाखको लागतमा निर्मित बेगनाशतालको दृष्यावलोकन गर्ने तथा राष्ट्रिय झण्डासहितको स्तम्भमा पछिल्लो सयमा तस्वीर खिचाउने आन्तरिक पर्यटकको आकर्षण बढेको हो । स्तम्भमा बेगनासतालको क्षेत्रफल, गहिराइलगायत अधिकांश विषयको तथ्याङ्क राखिएको छ । बेगनासताल आउने जो कोही पर्यटकले स्तम्भमा फोटो खिचाउनुका साथै त्यहाँ उल्लेखित विषयलाई अभिरुचिका साथ हेर्दै



तालबारे जानकारी लिने गरेको रोटरी क्लब अफ लेखनाथका अध्यक्ष मिलन तिवारीले बताउनुभयो । क्लबले स्थानीय तहसँग समन्वय एवं सहकार्यका आधारमा तालको सौदर्यकरणसहित पर्यटकको आकर्षक बढाउन पहल गर्ने बताउँदै उहाँले यस क्षेत्रको विकासका लागि मनोरमपार्क निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । पर्यटकीय डुङ्गाघाट नजिकै रहेको कारण पनि स्तम्भ सबैको रोजाइँमा पर्ने गरेको छ । बेगनासतालमा पर्यटकलाई लच्छित गरी १४५ जना व्यवसायीले २४९ वटा डुङ्गा सञ्चालन गरेको डुङ्गा व्यवसायी समिति बेगनासका अध्यक्ष ढकनाथ कँडेलले जानकारी दिनुभयो ।

# मास्क नलगाउनेलाई कारवाही

पोखरापत्र संवाददाता
गण्डकी, २४ साउन

जिल्ला ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयद्वारा संयुक्तरूपमा आयोजित सप्ताहव्यापी 'स्वास्थ्य मापदण्ड र ट्राफिक सचेतना अभियान'का क्रममा मास्क नलगाई हिँड्ने एक हजार ३३७ जनालाई कारवाही गरिएको छ । यही साउन १७ गतेदेखि शनिबारसम्म आयोजित अभियानमा सात हजार ७१४ सवारीसाधन धनीलाई बाटैमा रोकेर स्वास्थ्य मापदण्ड र ट्राफिक नियमबारे जानकारी गराइएको ट्राफिक प्रहरी प्रमुख अमृतबहादुर बस्नेतले जानकारी दिनुभयो ।

उहाँका अनुसार सो अवधिमा स्वास्थ्य मापदण्ड एवं ट्राफिक नियमसँग सम्बन्धित नौ हजार पर्चा र दुई हजार २०० मास्क वितरण गरिनाका साथै विभिन्न स्थानमा सचेतनामूलक फ्लेक्स प्रिन्ट पनि टाँसिएको थियो ।

मास्क नलगाई हिँड्नेहरूबाट जरिवानास्वरूप रू एक लाख ३७ हजारसङ्कलन गरिएको उहाँले बताउनुभयो ।




## अर्थतन्त्रलाई...

दिगो पर्यटनमा जोड दिइनेछ ।

पूर्वपश्चिम लोकमार्ग चार लेन तथा काठमाडौँ उपत्यकाको चक्रपथ आठ लेन विस्तारको बाँकी काम शिघ्र शुरु गर्ने, हुलाकी, पूर्वपश्चिम लोकमार्ग र उत्तर दक्षिण करिडोर तथा व्यापारिक मार्ग प्राथमकितामा साथ निर्माण गरिनेछ । अर्थतन्त्रमा उतपादनमूलक उद्योगको योगदान बढाउन औद्योगिकीकरणलाई उच्च प्राथमिकतामा राखेको सरकारले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमूलक उद्योगको विकासमा जोड दिँदै व्यापारघाटा कम गर्दै लैजाने लक्ष्य राखेको छ । स्वदेशी सामानको उत्पादन र उपभोगमा जोड दिने, उद्यमशिलताको विकास गर्ने र उत्पादनका लाभको समन्यायिक वितरण गर्ने र मुलुकको मध्य भागमा पर्ने गरी एउटा हाइटेक सिटी निर्माणको लागि सम्भाव्यता अध्ययन गरिने भएको छ । वित्त तथा मौद्रिक नीतिमा सुधार गरी बैंक तथा वित्तीय क्षेत्रको विकास गर्ने, संकटग्रस्त उद्योगमो व्याज मिनहा गर्ने र रुग्ण उद्योगलाई राम्रो प्रतिफल दिनसक्ने गरी सञ्चालनको वातावरण तयार गर्ने र औद्योगिक सुरक्षाको व्यवस्था गर्ने विषयलाई साझा कार्यक्रमले जोड दिएको छ ।

पूँजीगत खर्च बढाउने, वैदेशिक ऋण पूर्वाधार क्षेत्रमा उपयोग गर्ने, वैदेशिक ऋण भुक्तानीलाई पारदर्शी बनाइ सरोकारवाला पक्षलाई सुसूचित गर्ने, मितव्ययी सरकार सञ्चालन गरिने भएको छ । सार्वजनिक संस्थानको व्यवस्थापनमा सुधार गरी व्यावसायिक, प्रतिस्पर्धी र प्रभावकारी बनाउने विषयलाई विशेष ध्यान दिएको उल्लेख गर्दै साझा कार्यक्रममा सडक, बिजुली, पानी, ढल तथा सञ्चारलगायत विकास निर्माणका कार्य एकीकृत र समन्वयात्मक ढङ्गले सम्पन्न गरिनेछ ।

## जनताका...

मनिलाल अधिकारीको अगुवाइमा उनीहरु कांग्रेसमा प्रवेश गरेका हुन् । कार्यक्रममा महामन्त्री कोइरालाले नारायणी नदी कटान रोक्दै किनारै किनार वैकल्पिक राजमार्ग सञ्चालन गर्न सकिने भनाइ राखे । मुलकमा खेतीयोग्य जमीन पर्याप्त भएकाले कृषिमा आधुनिकीकरण गर्दै युवालाई आकर्षित गर्न सके समृद्धि प्राप्त हुने भनाइ राखे । मुख्यमन्त्री पोखरेलले गैंडाकोटमा बिपी अन्तर र्राष्ट्रिय खेलमैदान, राजमार्ग क्षेत्रमा ट्रमा सेन्टर लगायत दूरगामी महत्व राख्ने कार्यक्रमलाई प्रदेशले अघि सारेको बताए ।

त्यसपछि महामन्त्री कोइराला र मुख्यमन्त्री पोखरेलले नेपाल ट्रेड युनियन कांग्रेस गण्डकी प्रदेश उपाध्यक्ष रामप्रकाश सिग्देलको श्रद्धाञ्जली सभामा सहभागी भए । शिक्षण पेसाबाट अवकाश सिग्देल पार्टी संगठनका साथै सहकारी अभियान र समाज सेवामा क्रियाशील थिए । गैंडाकोट १४ स्थित सिग्देलकै घरमा श्रद्धाञ्जली सभा गरिएको हो । कार्यक्रममा संविधानसभा सदस्य महेन्द्रध्वज जिसी, गण्डकी प्रदेश सभामा नेपाली कांग्रेसका प्रमुख सचेतक ओमकला गौतम लगायत जिल्लाका नेता तथा कार्यकर्ता सहभागी थिए । मुख्यमन्त्री पोखरेल शनिबार नै देवचुली उद्योग वाणिज्य संघले गरेको कार्यक्रममा सहभागी भए । संघकै कार्यालयमा भएको कार्यक्रममा मुख्यमन्त्री पोखरेलले सरकारले कोरोनाविरुद्धको खोपलाई प्राथमिकतामा राखेको भन्दै उद्योगी व्यवसायीलाई पनि खोपको उपलब्धता अनुसार उपलब्ध गराउँदै जाने प्रतिबद्धता जनाए । संघका अध्यक्ष रेशमलाल सापकोटाले उद्योगी व्यवसायीले १ प्यान १ खोपको माग गर्दै आएको बताए । उनले- दललले धोवादी हुँदै खैरेनी जोड्ने सडकलाई प्राथमिकतामा राखेर काम गर्न आग्रह गरे । कोरोनाका कारण व्यवसायीहरु सारै नै मर्कामा परेको भन्दै प्रदेश सरकारले ल्याएको व्यवसाय जीवन रक्षा कोषको कार्यविधि परिमार्जन गरेर सहज बनाउन जरुरी रहेको बताए । नेपाली कांग्रेसको जिल्ला कार्यालयमा आयोजित कार्यक्रममा क्रियाशील ७ दलले तयार जिल्लाको विकासका लागि तयार पारेको साझा अवधारणा मुख्यमन्त्री पोखरेललाई हस्तान्तगरण गरेका छन् । कांग्रेस जिल्ला सचिव बालकृष्ण घिमिरे, माओवादी केन्द्र जिल्ला सचिव मित्रशरण शर्मा( बिहानी), नेकपा एमाले माधव समूहका जिल्ला अध्यक्ष शालिग्राम भट्टराई, जसपा अध्यक्ष डिबी गुरुङ, विवेकशील साझाका रामप्रसाद चापागाईं, देशभक्त गणतान्त्रिक मोर्चाका अध्यक्ष पिताम्बर तिवारीले उक्त साझा अवधारणामा हस्ताक्षर गरेका छन् । पार्टी कार्यालयमै नेपाल पशु स्वास्थ्य सेवा प्राविधिक संघ( नेल्टा) ले गरेको कार्यक्रममा १५ जना प्राविधिक नेल्टामा प्रवेश गरेका छन् । मुख्यमन्त्री पोखरेलले खादा मालासहित उनीहरुलाई नेल्टामा प्रवेश गराए । कोइलापानीको केरुङ खोलामा निर्मित बर्खे सिँचाइ प्रणालीको कुलोमा बाढीले पुऱ्याएको क्षतिबारे मुख्यमन्त्री पोखरेलले अवलोकन गरे । कुलोमा पुगेको क्षतिका कारण सयौं बिगाह खेतमा सिँचाइ रोकिएको भन्दै तत्काल सञ्चालनका लागि पहल गर्न स्थानीयले माग गरे । मुख्यमन्त्री पोखरेलले तत्कालका लागि तारजाली उपलब्ध गराउने र प्राविधिक टोलीले अध्ययन गरेपछि संघ सरकारसँग समन्वय गरेर निर्माणको काम थालिने प्रतिबद्धता जनाए । मुख्यमन्त्री पोखरेलले नवलपुरको लौकाहाखोलामा प्रस्ताव गरिएको औद्योगिक क्षेत्र निर्माणस्थलको समेत अवलोकन गरे । जग्गा नापनाँचको काम सुरु भइसकेको भन्दै उनले संघ सरकारसँग समन्वय गरेर थप प्रक्रिया अगाडि बढाइने भनाइ राखे ।

देवचुली नगरपालिका ५ स्थित झाँक्रेखोलाको सुकुम्वासी बस्तीमा पुगेर उनले स्थानीयका पीरमर्का बुझेका छन् । वन क्षेत्रमा ७ सय भन्दा बढी परिवार लामो समयसम्म बस्दै आएका छन् । मुख्यमन्त्री पोखरेल आइतबार बिहान गैंडाकोट उद्योग वाणिज्य संघले गरेको कार्यक्रम सहभागी भएपछि नारायणी नदीले गरेको कटान अवलोकन गरी आजै पोखरा फर्किने कार्यक्रम छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# धार्मिक पर्यटनसँग जोडिँदै बेगनास ताल बराह

-वासुदेव पौडेल
गण्डकी, २४ साउन

सात तालको बाटिका शहरका रुपमा चासो र चर्चा कमाएको कास्कीको लेखनाथस्थित बेगनास ताल पारीको बराह क्षेत्रलाई धार्मिक पर्यटनसँग जोड्ने लक्ष्यका साथ पहल थालिएको छ।

बेगनास ताल धार्मिक तथा पर्यटन विकास संस्था, बेगनास ताल बराह संरक्षण समितिलगायतका संस्थाको सक्रियतामा बेगनास ताल बराह क्षेत्रलाई धार्मिक पर्यटनको गन्तव्य बनाउन पहल थालिएको हो । साविक लेखनाथ नगरपालिकाको पहल एवं विश्व बैंकको रु एक करोड १७ लाख रुपैयाँको सहयोगमा बराह क्षेत्रमा पदमार्ग, बस्ने ठाउँ, वनभोजस्थल आदिको निर्माण भइसकेको बेगनास ताल बराह संरक्षण समितिका अध्यक्ष ठकनाथ कँडेलले जानकारी दिनुभयो।

बराह क्षेत्रमा प्राचीनकालदेखि नै पूजाआजा हुँदै आएको र यहाँ कलात्मक कुँदिएका शिला रहेका कारण यस क्षेत्रको पुरातात्विकरुपमा पनि उत्तिकै महत्व रहेको मानिन्छ। बराह क्षेत्रको पुरातात्विक खोज तथा अनुसन्धानका लागि अघिल्लो वर्ष पुरातत्व विभागका प्राविधिकसमेत आएर यहाँको अध्ययन गरेको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार बेगनास तालमा आउने पर्यटकलाई यहाँस्थित बराह क्षेत्रमासमेत पुऱ्याउने लक्ष्य राखिएको छ । डुङ्गा व्यवसायी समितिले प्रत्येक वर्षको पहिलो पूर्णिमाका अवसरमा ताल क्षेत्रमा डुङ्गा दुर्घटना नहोस्, आगन्तुक पर्यटक, दर्शनार्थी तथा स्थानीयवासी सबैलाई राम्रो होस् भन्ने कामना गर्दै पूजाआजा गर्ने गरिएको उहाँले जानकारी दिनुभयो।

मनले चिताएको पुग्ने जनविश्वासका साथ यस क्षेत्रमा विभिन्न महत्वपूर्ण तिथिमिति एवं पर्वमा दर्शनार्थी आउने गरेका छन् । बराह क्षेत्रसहित यस आसपासका धार्मिक पर्यटकीय गन्तव्यको प्रवर्द्धन एवं पर्यटकीय विकासलाई लक्षित गरी २०७५ मङ्सिर २२ गतेदेखि २९ गतेसम्म बेगनासताल क्षेत्रमा महायज्ञ गरिएको बेगनास ताल धार्मिक तथा पर्यटन विकास संस्थाका अध्यक्ष ध्रुवनाथ अधिकारीले जानकारी दिनुभयो । तत्कालीन महायज्ञ आयोजक मूल समितिका महासचिवसमेत रहनुभएका अधिकारीका अनुसार महायज्ञमा कूल रु एक करोड चार लाख आम्दानी भएकामा सबै खर्च कटाएर रु ७६ लाख बचत भएको थियो । बचत रकमको ब्याजबाट यहाँका विभिन्न सामाजिक कामका गतिविधि अघि बढाइएको छ । बेगनास तालको प्राकृतिक सम्पदाको संरक्षणका साथै यहाँका बेगनास बराह, वरपरका गोरखनाथ, अर्धौं मौला ढूलाकोट, बेगनास कोट, पचभैया कोट, रुपा कोट, स्याक्लुङ कोटलगायतका कोट, पचभैया देउराली आदि धार्मिक क्षेत्रको प्रवर्द्धन र विकास गर्ने लक्ष्य राखिएको थियो।

महायज्ञपश्चात् उक्त क्षेत्रमा विभिन्न पूर्वाधार निर्माण गरिएको जानकारी दिँदै अधिकारीले बेगनास ताल परिसरमा विश्राम गृह, स्वच्छ पिउने पानीको व्यवस्था गरिएको बताउनुभयो । तालमा डुबेर बेपत्ता भएका व्यक्तिको उद्धारका लागि पितृ स्मृति कक्ष निर्माण गरिएको जानकारी दिँदै उहाँले बेगनास तालके गाईघाटमा गाई तथा बाच्छीको मूर्ति स्थापना गरिएको बताउनुभयो । हावाहुरी आदिका कारण हुनसक्ने सम्भाव्य जोखिमलाई लक्षित गरी उद्धार कक्षसमेत निर्माण गरिएको छ। बेगनास तालसहित यहाँका बराह क्षेत्रलगायतका स्थान धेरै सम्भावना बोकेर पनि ओफेलमा परिरहेको होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका पूर्वअध्यक्ष एवं ग्रान्ड होटेल बेगनासका सञ्चालक दुर्गाप्रसाद अधिकारीले बताउनुभयो । प्रचुर सम्भावनाका बाबजुद ओफेलमा परेको यस क्षेत्रको प्रवर्द्धन र विकासका लागि राज्यको चासो पुगुपर्ने उहाँको भनाइ छ । लेखनाथ क्षेत्रमा पर्यटकीय विकासका धेरै सम्भावना रहेको बताउने गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र कँडेल यहाँको प्रवर्द्धन र विकासका लागि स्थानीयवासीको जागरुकता अपरिहार्य भएको बताउनुहुन्छ । "बेगनास तालमा जलाधार क्षेत्रबाट आउने गेग्रान थुप्रिन सक्ने भएकाले सरोकारवाला सङ्घसंस्थाले यसतर्फ बेलैमा चासो दिनु आवश्यक छ", उहाँले भन्नुभयो, "बेगनास बराहलगायतका यहाँका धार्मिकस्थललाई पर्यटनसँग जोडेर विकास गर्न सकिन्छ ।" बेगनाससहित लेखनाथका पर्यटकीय क्षेत्रको प्रवर्द्धन र विकासका लागि गुरुयोजना तयार गरी अघि बढ्नुपर्नेमा जोड दिँदै उहाँले सरकारले यहाँका सम्भावनालाई प्राथमिकताका साथ उजागर गर्ने बताउनुभयो।

# सङ्कटग्रस्त मनाङ पुगेको निरीक्षण टोलीको निष्कर्ष : दीर्घकालीन समाधानको खाँचो

रासस
मनाङ, २४ साउन

मनसुन शुरु भएसँगै भारी वर्षा हुँदा देशका विभिन्न भागमा प्राकृतिक प्रकोपले ठूलो जनधनको क्षति भएको छ । भूक्षय र नदी कटानका कारण तटीय क्षेत्रका बस्ती बग्दा कयौँ मानिस घरबारविहीन भएका छन्।

यस पटक सबैभन्दा बढी क्षति सिन्धुपाल्चोक र हिमालपारिको जिल्ला मनाङमा भएको छ । बाढीपहिराका कारण भएका क्षतिको स्थलगत निरीक्षणका लागि नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसहितको प्राविधिक टोली शनिबार मनाङ पुगेको छ।

मनाङको सबैभन्दा बढी प्रभावित क्षेत्र डिस्याङ गापा-१ को डिस्याङमा जेठ र असारको भारी वर्षासँगै बढेको खोला तथा नदीले ठूलो क्षति पुऱ्याएको छ । मर्स्याङ्दी नदीले स्थानीयवासीको बस्ती उजाड बनाएको छ भने कयौँ घर नदी कटानमा परेका छन्। मोटरबाटोको त के कुरा गोरेटोबाटो पनि बाँकी छैन । विद्युत् र टेलिफोन लाइन अवरुद्ध छन् । डिस्याङमा भएको क्षतिबारे जानकारी गराउँदै गाउँपालिका अध्यक्ष कान्छा घलेले भौतिक संरचनाका साथै बालीसमेत नष्ट भएको बताउनुभयो । त्यहाँ पुगेको टोलीसँग उहाँले भन्नुभयो, "सदर मुकाम चामेसम्मको बाटो बगाएको छ र विद्युतलगायत सञ्चारमा समेत समस्या छ ।" अध्यक्ष कान्छाले मन्त्री भुसाललाई ज्ञापनपत्र प्रदान गर्दै पुनःनिर्माण र तत्कालका लागि राहतको प्रबन्ध गरिदिन अनुरोध गर्नुभयो । अध्यक्ष कान्छाको ज्ञापनपत्र बुझेपछि मन्त्री भुसालले मनाङ र सिन्धुपाल्चोकलाई सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको जानकारी गराउँदै क्षतिको पुनःनिर्माण र नियन्त्रणमा सरकारले विशेष ध्यान दिने बताउनुभयो । उहाँले भन्नुभयो, "भूक्षय र त्यसबाट हुने नदी कटान रोक्ने विषय चुनौतीपूर्ण छ, त्यसलाई हामीले सम्बोधन गर्नेछौं ।" मनाङमा भएको क्षतिप्रति सरकार संवेदनशील रहेको बताउँदै उहाँले दीर्घकालीन समाधानका लागि चाँडै सम्बोधन गर्ने बताउनुभयो।

**राज्य मनाङवासीको साथमा**



छ- अध्यक्ष प्रचण्ड

पिसाङपछि मनाङको सदरमुकाम चामे पुगेको टोलीले त्यहाँ भएको क्षतिको विवरण सङ्कलन गर्नुका साथै स्थलगत निरीक्षण गरेको छ । मर्स्याङ्दी नदी किनारका घरहरू कटानमा परेका छन् । त्यहाँ पुग्ने सडक विच्छेद भएको छ। विद्युत् र टेलिफोन सम्पर्क टुटेका छन् । चामे क्षेत्रमा बाढीले पुऱ्याएको क्षति अवलोकनपछि जिल्ला प्रशासन कार्यालयमा सो टोलीले स्थानीय जनप्रतिनिधिसँग जानकारी लिएको थियो । सो अवसरमा मनाङका प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बाढीबाट भएको क्षतिबारे जानकारी गराउनुभयो । चार दिनसम्म भीषण बाढी आएको सुनाउँदै उहाँले भन्नुभयो, "यहाँका १०० वर्ष पुगेका ज्येष्ठ नागरिकको अनुभवमा हिमालपारि यस्तो बाढी आएको थाहा छैन।" उहाँका अनुसार यहाँका ७५ घर क्षति भएको छ। बिजुलीको मुख्य स्रोत पाँचवटा मिनीहाइड्रोमा क्षति पुगेको छ । सातवटा गाडी गुड्ने पक्की पुल र १३ वटा अन्य पुल पूर्णरूपमा क्षतिग्रस्त छन् । त्यसैगरी यहाँका जनताका पशुचौपाया पनि बाढीले बगाएको उहाँले जानकारी गराउनुभयो। प्रमुख जिल्ला अधिकारी लामिछानेले खाद्यान्न मौज्दात गरेको भए पनि पर्याप्त नभएको र ढुवानीका लागि समस्या भएको बताउनुभयो । उहाँले नदी कटान रोक्न मर्स्याङ्दी नदी किनारमा तटबन्ध बनाउन आवश्यक स्रोत उपलब्ध गराइदिन सरकारसँग आग्रह गर्नुभयो।

त्यसैगरी चामे गाउँपालिका अध्यक्ष लोकेन्द्र घलेले गत जेठ १४ गतेदेखि शुरु भएको भारी वर्षापछिको बाढीले जनजीवनमा नराम्रो असर परेको गुनासो गर्नुभयो । उहाँले एक गाउँबाट अर्को गाउँमा जानका लागि काठेपुलसम्म नभएको अवस्थाबारे निरीक्षण टोलीलाई जानकारी गराउनुभयो । विद्युत् बिच्छेद हुँदा नागरिकतातथापासपोर्टकोसिफारिससमेत आफूहरूले गर्न नसकेको अध्यक्ष लोकेन्द्रले बताउनुभयो। विद्युतसँग सञ्चारविच्छेद हुँदा बैंकसमेत सञ्चालनमा आउन नसकेको उहाँले उल्लेख गर्नुभयो।

जनप्रतिनिधिका कुरा सुनेपछि अध्यक्ष प्रचण्डले मनाङमा बाढीपहिरोका कारण भएको क्षति हृदयविदारक भएको आफूले महसुस गरेको उल्लेख गर्दै भौगर्भिक अध्ययन आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "भूक्षय नियन्त्रण गर्न भौगर्भिक अध्ययनका लागि नयाँ शिराबाट सोच्नुपर्ने अवस्थाको सङ्केत गरेको छ ।" विपद्लाई टालटुल गरेरमात्र नियन्त्रण नसकिने बताउँदै प्रचण्डले दीर्घकालीन ढङ्गबाट एकीकृत परियोजना बनाएर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

विश्वमा नै जलवायु परिवर्तनको मुद्दा जटिल बन्दै गएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "जलवायु प्रभावित गर्ने काम धनी राष्ट्रका उद्योगधन्दामार्फत निस्कने रसायनका कारण साना देशमा मार पर्ने गरेको छ । यो नेपालको मात्र होइन, विश्वव्यापी समस्या हो ।" पूर्वप्रधानमन्त्री प्रचण्डले विश्व मञ्चहरूमा यस्ता विषयलाई अझ बढी उठाउनुपर्ने बताउँदै भन्नुभयो, "हिमाल पग्लने क्रम जुन गतिमा बढेको छ, त्यो कारणले यहाँ मात्र भएको होइन, विश्वव्यापी विकासको मोडेल नै नयाँ तवरले अपनाउनुपर्ने देखिएको छ।" मानव जातिको सुरक्षालाई प्राथमिकता दिएर मात्र विकासका मोडेल ल्याउनुपर्ने आवश्यकता खट्किएको उहाँको भनाइ छ। अध्यक्ष प्रचण्डले भन्नुभयो, "राज्य तपाईँहरूको साथमा छ, राहत र पुनःनिर्माणमा हामी गम्भीर छौँ ।"

त्यसैगरी मन्त्री भुसालले प्रजिअ र पालिका प्रमुखले दिनुभएका तथ्याङ्कका आधारमा नदीमा तटबन्ध र करिडोर मार्ग बनाउन पहल गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "तत्कालका लागि राहत दीर्घकालका लागि पुनःनिर्माण गर्न गठबन्धन सरकार प्रतिबद्ध छ।"

चामेपछि बाढीले बढी क्षति पुऱ्याएको नासो गाउँपालिकाको वडा नं ९ दानाक्यूका जनताले पनि तत्कालका लागि राहत र दीर्घकालका लागि पुनःनिर्माण गर्न सरकारसँग आग्रह गरे । स्थानीयवासीले दैनिक जीवन जटिल भएको सुनाए। नासो गापाका अध्यक्ष चन्द्र घलेले अवरुद्ध विद्युत् सञ्चालन गर्न र सञ्चार सेवा सञ्चालन गर्न आग्रह गर्नुभयो । त्यसैगरी सो वडाका विपद् व्यवस्थापन समितिका संयोजक विष्णु घलेले मर्स्याङ्दी नदीले निरन्तर कटान गरिरहेको भन्दै त्यसलाई नियन्त्रणको पहल आवश्यक रहेको औँल्याए।

दाहाल र मन्त्री भुसालसहित प्रतिनिधिसभा सदस्य माओवादी केन्द्रका नेता देवप्रसाद गुरुङ, संविधानसभा सदस्य यशोदा सुवेदी, पूर्वराज्यमन्त्री टेकबहादुर गुरुङ, ऊर्जा सचिव देवेन्द्र कार्की, राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल, सडक विभागका महानिर्देशक अर्जुन थापा, नेपाल विद्युत् प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत हितेन्द्र शाक्यलगायतको टोली निरीक्षणका लागि शनिबार मनाङ पुगेको थियो।

यहाँको मर्स्याङ्दी जलविद्युत् आयोजना बाढीले क्षति पुऱ्याएको छ। सो आयोजना चिनियाँ साझेदार र नेपाल ज्वाइन्ट डेभलपमेन्ट प्रालिको संयुक्त लगानीमा निर्माण प्रक्रियामा रहेको छ । यस आयोजनामा ८० प्रतिशत चिनियाँ र २० प्रतिशत बुटवल हाइड्रोपावर कम्पनीको शेयर छ । बाढी प्रभावित क्षेत्रको निरीक्षणकै क्रममा अध्यक्ष प्रचण्ड र ऊर्जामन्त्री भुसालले आयोजनाको अवस्थाबारे जानकारी लिनुभयो । आयोजनाबारे माओवादी केन्द्रका नेता देवप्रसाद गुरुङले आयोजना विकास सम्झौता (पिडिए) र हेजिङ फण्डका विषयमा समस्या रहेको जानकारी गराउनुभयो । अध्यक्ष प्रचण्डले आयोजना आगाडि बढाउने विषयमा गठबन्धन सरकारले आवश्यक पहल गर्ने बताउनुभयो।

# किसानलाई अनुदान रकम वितरण

पोखरापत्र संवाददाता
स्याङ्जा, २४ साउन

गल्याङ नगरपालिकाले किसानलाई अनुदान रकम वितरण गरेको छ।

नगरपालिका-२ बट्वाका किसानलाई अनुदानस्वरुप रु १९ लाख ५७५ वितरण गरेको नगरपालिकाले जनाएको। नगरपालिकाले किसानलाई दूधमा प्रतिलिटरमा रु १५ अनुदान दिएको छ भने गाई पकेट क्षेत्र लागत साझेदारी कार्यक्रमअन्तर्गत पनि अनुदान वितरण गरेको छ । उत्पादनका आधारमा प्रतिलिटर रु १५ का दरले ६६ किसानलाई रु ११ लाख ८६ हजार ५७५ र गाई पकेट लागत साझेदारी कार्यक्रमअन्तर्गत १७ किसानलाई जनही रु ७२ हजारका दरले रु सात लाख १४ हजार वितरण गरिएको नगरपालिकाले जनाएको छ।

नगरप्रमुख भूपराज अधिकारीले अनुदान कार्यक्रमले नगरभित्रका किसानहरु आत्मनिर्भर बन्दै गएको बताउनुभयो । उहाँले भन्नुभयो, 'नगरपालिकाले सञ्चालन गरेको कृषिमा अनुदान कार्यक्रमले किसानलाई कृषि पेसाप्रति आकर्षित गरेको छ ।' यसबाट किसानहरु आत्मनिर्भर बन्दै गएको उहाँको भनाइ छ।

नगरप्रमुख अधिकारीले कृषिको बजारीकरण हुन सकेमा किसानलाई अझै उत्साह थपिने भन्दै गल्याङमा उत्पादन भएको कृषि उपजको बिक्रीको प्रत्याभूति नगरपालिकाले लिएको जानकारी दिनुभयो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दामोदर शर्माले अनुदानको व्यवस्थाको सही सदुपयोग गरेर आफ्नो व्यवसायलाई प्रवर्द्धन गर्ने कार्यमा किसानहरु उत्साहित भएर लागेकाले अनुदान कार्यक्रम प्रभावकारी बन्दै गएको बताउनुभयो।

नगरपालिकाका पशु शाखा प्रमुख सुशील अर्यालले कृषक टीकाकुमारी रानाले दूधमा सबैभन्दा बढी अनुदान प्राप्त गरेको जानकारी दिनुभयो । अर्यालका अनुसार रानाले प्रतिलिटर रु १५ अनुदानबापत ६ महिनामा दुई लाख ४० हजार ८५९ रुपैयाँ ४० पैसा प्राप्त गर्नुभएको छ। यसैगरी रानाले गाई पकेट लागत साझेदारी कार्यक्रमअन्तर्गत दुईवटा गाई खरिद गरेबापत रु ४२ हजार अनुदानसमेत प्राप्त गर्नुभएको छ।

नगरपालिकाको यो कार्यक्रमले किसानलाई थप उत्साहित बनाउनुका साथै बढ्दै गएको बेरोजगारीको समस्या समाधानमा सहयोग पुगेको बताइएको छ।

# राष्ट्रिय फुटबल टोलीको बन्द प्रशिक्षण पोखरामा हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन

राष्ट्रिय पुरुष फुटबल टोलीको बन्द प्रशिक्षण बुधबारदेखि कास्कीको पोखरामा हुने भएको छ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले आज बन्द प्रशिक्षणको टुङ्गो लगाएको हो। । दक्षिण एसियाली फुटबल च्याम्पियनसिप (साफ) र एसियन कप छनोटअन्तर्गत फाइनल चरणको छनोटका लागि नेपाली टोलीले पोखरामा तयारी गर्ने छ। नेपालमा आगामी भदौमा भारतसित हुने दुई मैत्रीपूर्ण खेलको तयारीमा नेपाली टोली जुटेको हो।

बन्द प्रशिक्षणमा प्रकाश बुढाथोकी र एरिक विष्ट सहभागी नहुने भएपछि उहाँहरूको ठाउँमा शिशिर लेखि र सेसेहाङ आङ्देम्बेलाई टोलीमा सहभागी गराइने एन्फाले जनाएको छ। यस्तै गोलकिपरका रूपमा विशाल सुनारलाई पनि बन्द प्रशिक्षणमा सहभागी गराइने भएको छ । मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले नेपाली टोलीलाई प्रशिक्षण दिनुहुने छ । आगामी अक्टोबरमा १३औँ साफ च्याम्पियनसिप आयोजना हुने भएको छ।

साफ च्याम्पियनसिप आयोजना गर्न नेपालले प्रस्ताव अघि सारेको छ। बन्द प्रशिक्षणमा सहभागी हुने खेलाडीमा किरणकुमार लिम्बु, विशाल श्रेष्ठ, दीप कार्की, विकेश कुथु, अर्पण कार्की, विशाल सुनार, आशिष लामा, अभिषेक रिजाल, अनन्त तामाङ, अन्जन विष्ट र शिशिर लेखी रहनुभएको छ।

यस्तै बन्द प्रशिक्षणमा आयुष घलान, भरत खवास, विशाल राई, दिनेश राजवंशी, गौतम श्रेष्ठ, कमल थापा, मनिष डाँगी, नवयुग श्रेष्ठ, नितिन थापा, सेसेहाङ आङदेम्बे, पुजन उपरकोटी, रजिन धिमाल, राजिव लोप्चन, रन्दीप पौडेल, रोहित चन्द, सन्जोग राई, सन्तोष तामाङ, सुजल श्रेष्ठ, सुमन अर्याल, सुमन लामा, सुनिल बल, सुरजज्यु ठकुरी, तेज तामाङ, त्रिदेभ गुरुङ र विक्रम लामालाई सहभागी गराइने भएको छ।

# पारसको ७७ नंको जर्सी अन्य खेलाडीले प्रयोग नगर्ने

रासस
काठमाडौं, २४ साउन

क्रिकेटमा प्रत्येक खेलाडीका लागि जर्सीको विशेष महत्व रहन्छ । जर्सीमा लेखिएको नम्बर पनि खेलाडीको पहिचान हो । विश्वका हरेक खेलाडीले जर्सीमा नं प्रयोग गरेजस्तै नेपाली क्रिकेट खेलाडीले पनि छुट्टाछुट्टै नं लेखिएको जर्सी लगाउँदै आएका छन्।

गत मङ्गलबार अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिनुभएका नेपाली टोलीका पूर्वकप्तान पारस खड्काले ७७ नंको जर्सी प्रयोग गर्दै आउनुभएको थियो। क्रिकेटबाट सन्यास लिएको अवस्थामा उहाँले प्रयोग गर्ने गरेको उक्त नंको जर्सी अब कुनै पनि नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडीले प्रयोग गर्न पाउने भने छैनन्। खड्काले प्रयोग गर्दै आएको ७७ नंको जर्सी राष्ट्रिय क्रिकेट टोलीका अन्य खेलाडीले प्रयोग गर्न नदिइने भएको छ। नेपाल क्रिकेट सङ्घ (क्यान) को आज बसेको पदाधिकारी बैठकले खड्काको सम्मानमा क्रिकेट खेल्दा उहाँले प्रयोग गर्दै आएको ७७




नंको जर्सी राष्ट्रिय टोलीका कुनै पनि खेलाडीलाई तत्काल प्रयोग गर्न नदिने निर्णय गरेको हो । "खड्काको सम्मानमा ७७ नम्बरको जर्सी तत्काल कुनै पनि खेलाडीलाई प्रयोग गर्न नदिने सहमति भएको छ," क्यान अध्यक्ष चतुरबहादुर चन्दले भन्नुभयो।

खड्काले नेपालको क्रिकेटमा पुऱ्याएको योगदानको कदर गर्दै क्यानले सो निर्णय गरेको हो । क्यानले हालै अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिनुभएका खड्काको सम्मानमा उक्त सहमति जनाएको हो। नेपालले ३३ वर्षीय खड्काको कप्तानीमा आसीसी विश्व क्रिकेट लिग डिभिजन-५ देखि एकदिवसीयसम्मको सफलता प्राप्त गरेको थियो । खड्काले नै कप्तानी गरेको अवस्थामा नेपालले सन् २०१४ मा टी-२० विश्वकप क्रिकेट खेलेको थियो।

सन् २००२ मा युनाइटेड अरब इमिरेट्स् (युएई) मा सम्पन्न यू-१५ एसिया क्रिकेट कपमा खड्का पहिलोपटक नेपाली टोलीमा सहभागी हुनुभएको थियो । सन् २००४ मा उहाँले सिनियर टोलीमा डेब्यू गर्नुभएको थियो । उहाँले सन् २००४, सन् २००६ र सन् २००८ मा यू-१९ विश्वकप क्रिकेट प्रतियोगिता खेल्नुभएको थियो। खड्का सन् २००९ मा विनोद दासको ठाउँमा राष्ट्रिय टोलीको कप्तान बन्नुभएको हो। दुई वर्षअघि उहाँले कप्तानीबाट राजीनामा दिनुभएको थियो । खड्काले नेपालका लागि १० एकदिवसीय तथा ३३ टी-२० अन्तर्राष्ट्रिय खेल खेल्नुभयो । दायाँहाते ब्याटस्म्यान उहाँले यस क्रममा एकदिवसीयमा ३१५ रन बनाउनुभयो भने टी-२० मा ७९९ रन बनाउनुभएको थियो। दुवै किसिमका प्रतियोगितामा उहाँ शतक प्रहार गर्न सफल हुनुभएको थियो । खड्काले बलिङसमेत गर्नुभएको थियो । उहाँले १० एकदिवसीय खेलमा नौ विकेट लिनुभएको थियो भने ३३ टी-२० खेलमा आठ विकेट लिनुभएको थियो। हाल खड्काको ठाउँमा नेपाली राष्ट्रिय क्रिकेट टोलीको कप्तानी ज्ञानेन्द्र मल्लले गर्दै आउनुभएको छ । यसअघि नेपाली राष्ट्रिय क्रिकेट टोलीको कप्तानको भूमिका उत्तम कर्माचार्य, लेखबहादुर (एलबी) क्षेत्री, पवन अग्रवाल, राजु खड्का र परेश लोहनीले निर्वाह गरिसक्नुभएको छ।